(३४१)

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

राष्ट्रिय सूचना आयोग २०६५

मु.नं. ४२२/२०७१/०७२

भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वोडे १ वस्ने लक्ष्मण श्रेष्ठ ...........................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामनगर, काठमाडौं ..१ विपक्षी
सूचना अधिकारी, युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामनगर, काठमाडौं ..१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नू ।

भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वोडे १ वस्ने लक्ष्मण श्रेष्ठले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामनगर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।१० मा निवेदन गरेको र यस आयोगवाट मिति २०७२।०२।३१, च.नं. १३७२ को पत्रवाट पत्राचार गरेकोमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामनगर, काठमाडौंको मिति २०७२।०३।०६ च.नं. ५६१ को पत्रमार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराइएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।